
# लेखापरीक्षण प्रतिवेदन

## रेसुङ्गा नगरपालिका, गुल्मी

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## रेसुङ्गा नगरपालिका, गुल्मी

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2081/82

मिति : २०८२-२-११

च.न.:FAR/2080-81/LOC/690

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,

रेसुङ्गा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
गुल्मी।

**कैफियतसहितको राय**

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण,स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेट तुलनात्मक विवरण,स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म. ले. प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १३ करोड ९९ लाख २३ हजार ,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ५१ लाख ४२ हजार,पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु. २ करोड ९० लाख ९६ हजार,सामाजिक विकास कार्यक्रमको रु. 3 लाख ७५ हजार र राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु. १० लाख ५४ हजार समेत गरी रु. १७ करोड ५५ लाख ९० हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु. १ अर्व ४७ करोड ४६ लाख ७८ हजारको लेखापरीक्षण गरिएकोमा रू. २ करोड ७३ लाख ८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. ४ लाख ९२ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु. २ करोड ६८ लाख १६ हजारमध्ये असुल गर्नुपर्ने रू. ६ लाख ४६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड २३ लाख ५२ हजार, नियमित गर्नुपर्ने

रु.१ करोड ३७ लाख ४८ हजार र पेस्की बाँकी रु. ७० हजार रहेको छ। गत वर्षसम्म रु. ९ करोड ६५ लाख ४७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ८ करोड ६ लाख रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, बजेट अवण्डा राखेको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको,आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी रेसुङ्गा नगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५३ | ५४ | २,७३,०८,६३४ | ० | १२ | ४,९२,२३५ | ० | ५३ | ४२ | २,६८,१६,४०० | ६,४६,४९० | १,३७,४७,५७१ | १,२३,५२,३३९ | ० | ० | २,६०,९९,९१० | ७०,००० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गुल्मी | ९,६५,४७,००० | ० | ४,२७,६३,००९ | ५,३७,८३,९९१ | ० | २,६८,१६,४०० | ८,०६,००,३९१ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३१ | विद्यालय नि:शुल्क पाठ्यपुस्तक | २४,४८५ |
| २ | २०८०/८१ | ३५ | बढी ग्रेड भुक्तानी | ३,८२१ |
| ३ | २०८०/८१ | ४४.४ | आन्तरिक आय तर्फ | १,३०,००० |
| ४ | २०७९/८० | २९ | सामाजिक सुरक्षा | ८,२०० |
| ५ | २०७९/८० | २२ र २३ | संघीय संचितकोषमा दाखिला | १७,५१,३९८ |
| ६ | २०७९/८० | ४३ | रकमान्तर | १४,५१,६८८ |
| ७ | २०७९/८० | २४.१ र २४.२ | बढी भूक्तानी | ९४,२५४ |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७९/८० | २१ | बढी ग्रेड | ९,१५३ |
| ९ | २०७९/८० | १७ | निशुल्क पाठ्यपुस्तक | ५,२१० |
| १० | २०७९/८० | 33 | कार्यक्रम विपरित खर्च | ५,३४,१६० |
| ११ | २०७९/८० | ४६ | एक घर एक धारा | ३०,४०,००० |
| १२ | २०७९/८० | ३२ | ईलेक्ट्रीक चुलो वितरण | ९,९९,०३९ |
| १३ | २०७९/८० | २५ | अग्रिम कर | २,४६६ |
| १४ | २०७९/८० | १४.३ | फरक शिर्षकमा भुक्तानी | १०,००० |
| १५ | २०७८/७९ | ५४ | सहभागिता अंश | ६३,२०० |
| १६ | २०७८/७९ | ८७ | शिक्षण सहयोग | १७,२६,४०० |
| १७ | २०७८/७९ | ६६ | यातायात सुविधा | ४७,५२० |
| १८ | २०७८/७९ | १०५ | पोषण कार्यक्रम | ६७,७५० |
| १९ | २०७८/७९ | ५७ | नेत्र कृषि तथा पशुपंक्षी फर्मलाई अनुदान | २,१२,००० |
| २० | २०७८/७९ | १०० | दरवन्दि भन्दा बढि कर्मचारी | ६५,२१,८०२ |
| २१ | २०७८/७९ | ५८.३ | टोनोमिटर खरीद | ११,१७,५७० |
| २२ | २०७८/७९ | ४८ | जेसिबि एक्साभेटर | २०,३४,२०१ |
| २३ | २०७८/७९ | ८१ | घटी छुट | ३७,४९७ |
| २४ | २०७८/७९ | ५६ | गाडी भाडा | ९४,५०० |
| २५ | २०७८/७९ | ८२ | कोभिड प्रभावित राहत कार्यक्रम | ३८,५०,००० |
| २६ | २०७८/७९ | १११ | कर्मचारी कल्याण कोष | ४०,००,००० |
| २७ | २०७८/७९ | ६९ | करारका कर्मचारीलाई सुविधाः | १,१५,२०० |
| २८ | २०७८/७९ | ९६ | उपभोक्ता समितिको काम निर्माण व्यवसायीले गरेको | ३०,७१,१७८ |
| २९ | २०७८/७९ | ७९ | अवकासको भुक्तानी | ९५,६३३ |
| ३० | २०७८/७९ | ७० | अन्य सुविधा | २,३५,००० |
| ३१ | २०८०/८१ | २८ | सामाजिक सुरक्षा भत्ता | २,३२,६६८ |
| ३२ | २०८०/८१ | २९ | शिक्षकको तलब बढी निकासा | ५,००० |
| ३३ | २०८०/८१ | २१ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ९६,२६१ |
| ३४ | २०७९/८० | ३.२ | वित्तीय विवरण परीक्षणः | ९८,९६,९३१ |

| | | | | |
|---|---|---|---|---|
| ३५ | २०७८/७९ | ९ | कर्मचारी प्रोत्साहन भत्ता | १६,७१,०६० |
| जम्मा | | | | ४,३२,५५,२४४ |

**लेखापरीक्षण बक्यौताको विवरण**

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|
| विगतको लेखापरीक्षण वक्यौता नरहेको। | |

# (८०५५२४०२३०० - रेसुङ्गा नगरपालिका, गुल्मी )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी,कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस रेसुङ्गा नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्वेश्य रहेको छ । यस पालिकामा १४ वडा , ८२.७४ वर्ग किलोमिटर क्षेत्रफल तथा ३१,६७७ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।३० देखि २०८१।०६।०५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** नगरपालिकाको आय -व्ययतर्फ रु. १ अर्ब ४७ करोड ४६ लाख ७८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | गत आ.ब. को कारोबार |
|---|---|---|---|
| | | नगद | नगद |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | १२,३१,७०,५१७.३४ | १०,४९,४९,०२२.३१ |
| १३००० | अनुदान | ३९,९६,०५,८३४.१५ | ४६,९२,७६,९९१.७२ |
| १४००० | अन्य राजस्व | २७,३४,६०८.९३ | ६०,३५,१५४.०६ |
| क | **कुल जम्मा प्राप्ति** | ५२,५५,१०,९६०.४२ | ५८,०२,६१,१६८.०९ |
| ३ | चालु | ३९,५२,८४,०२२.२० | ३९,५०,५१,३८३.२३ |
| २१००० | पारिश्रमिक / सुविधा | २३,९१,३७,६०४.५३ | ७,५६,०८,३६३.३४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ९,९४,१९,३९५.६९ | ८,९८,५५,०५८.७१ |
| २५००० | सहायता (Subsidy) | ४,५२,१६,५८१.९८ | ६४,६६,५०७.०० |
| २६००० | अनुदान | ० | २१,१५,८२,२७६.१८ |
| २७००० | सामाजिक सुरक्षा | १,०७,४९,४४०.०० | १,०६,३९,१७८.०० |
| २८००० | अन्य खर्च | ७,६१,०००.०० | ९,००,०००.०० |
| ४ | पूंजीगत | १३,४७,०८,१६७.०० | २०,८५,७४,७१७.०२ |
| ३१११० | भवन तथा संरचना | ५३,५६,७५८.९४ | ३,६८,११,८५३.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | २३,९०,०४७.८५ | १,१६,०५,१५०.४७ |
| ३११३० | अन्य पूँजीगत खर्च | ६,४८,०००.०० | ३७,५०,०००.०० |
| ३११५० | सार्वजनिक निर्माण | १२,६३,१३,३६०.२१ | १४,७५,८०,८१५.५५ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ० | ८३,७६,८९८.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ० | ४,५०,०००.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | ५२,९९,९२,१८९.२० | ६०,३६,२६,१००.२५ |
| ग) | **बचत /कमी (ग = क-ख )** | (४४,८१,२२८.७८) | (२,३३,६४,९३२.१६) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | ३,९२,३३२.०१ | २५,७४,२६०.१३ |
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | | -३४,७५६.९० |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | (४०,८८,८९६.७७) | (२,०७,९०,६७२.०३) |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | २,४२,४७,८१३.९८ | ४,५०,३८,४८६.०१ |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | २,०१,५८,९१७.२१ | २,४२,४७,८१३.९८ |

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १३,९९,२३,५९५।-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू. ५१,४२,०००।-, पर्यटन पुर्वाधार विकास आयोजनाको रू. २,९०,९५,८२०।-, सामाजिक विकास कार्यक्रमको रू. ३,७५,०००।-, राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रू. १०,५३,८००।- समेत गरी रु. १७,५५,९०,२१५।- एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गरेको छैन।तसर्थ पालिकामा हुने सबै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

४ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन् ः-

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाई सेवा प्रवाह सुदृढ बनाउनु पर्दछ।

५ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।०३।१२ मा रु ७१ करोड ८८ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।१२ मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।०३।२१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

८ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | १९६७१ | १७१३१ | ३.२३ |
| २ | पूर्वाधार विकास | १३४०३० | ११७५६३ | २२.१८ |
| ३ | सामाजिक विकास | २८९६७० | २६६५३७ | ५०.२९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १०६१९ | १००२७ | १.८९ |
| 5 | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १३४२१९ | ११८७३१ | २२.४० |
| जम्मा | | ५८८२०९ | ५२९९८९ | १००.०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५ ०.२९ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा १.८९ प्रतिशत रहेको छ । सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

९ **योजनाको प्राथमिकिकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार पालिकास्तरका कुल ३३६ योजनामा वजेट विनियोजन गरेको छ ।

| कार्यक्रमको नाम | योजना सङ्ख्या | रु. २० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|
| पालिकास्तरीय | ३३६ | ४ | १९ | ३१३ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।

## १० योजना तथा वजेट कार्यान्वयन

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. १३ करोड ४७ लाख ८ हजार भएकोमा प्रथम त्रैमासिकमा रु. ९५ लाख ८९ हजार, दोश्रो त्रैमासिकमा रु २ करोड ८१ लाख १ हजार, तेस्रो त्रैमासिकमा रु २ करोड ३७ लाख ३९ हजार,चौथो त्रैमासिकमा रु. ७ करोड ३२ लाख ७८ हजार र असार महिनामा मात्रै रु. ५ करोड १९ लाख ४१ हजार भएको देखिन्छ। वर्षान्तिको खर्च उच्च रहेको छ ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. १३ करोड ४७ लाखको खरिद गुरुयोजना बेगर गरेको छ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८० को दफा २ अनुसार यस वर्ष थपघट समेत नगरसभाको निर्णयबाट रु. १ करोड ८४ लाख २५ हजार मिति २०८०।०९।२९ मा रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा २.४३ प्रतिशत हुन्छ ।

तसर्थ नगरपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउनु पर्दछ।

## ११ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| | पूँजिगत खर्चतर्फ | १३४७०८ | ९५८९ | २८१०१ | २३७३९ | ७३२७८ | ५१९४१ |
| | प्रतिशत | १०० | ७.१२ | २०.८६ | १७.६२ | ५४.४० | ३८.५६ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु. १३ करोड ४७ लाख ८ हजार पुँजिगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ९५ लाख ८९ हजार (७.१२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. २ करोड ८१ लाख १ हजार (२०.८६ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. २ करोड ३७ लाख ३९ हजार (१७.६२ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ७ करोड ३२ लाख ७८ हजार (५४.४० प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ५ करोड १९ लाख ४१ हजार (३८.५६ प्रतिशत) खर्च देखिनुले अन्तिम

त्रैमासिक तथा आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१२ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| **केन्द्रिय अनुदानबाट खर्च** | **आन्तरिक आय** | **आन्तरिक आय प्रतिशत** |
|---|---|---|
| ४२६६५३४९० | २३२७५४८७ | ५.४६ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.४६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१३ **कानून निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २४ वटा ऐन, ३ वटा नियमावली, ३२ वटा कार्यविधि, ३ वटा निर्देशिका, १ नीति र १ मापदण्ड सहित ६४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले आवस्यक कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१४ **सेवा प्रवाह**

कार्यालयको मूख्य उद्देश्य हासिल गर्न सेवा ग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । पालिकाले यस वर्ष आर्थिक, समाजिक र पूर्वाधार विकासका अतिरिक्त घरनक्सा दर्ता पासपर्फ १०, जन्मदर्ता ६७६, मृत्युदर्ता २३५, वसाईसराई दर्ता १२३, विवाहदर्ता २८४ तथा सम्बन्धविच्छेद दर्ता ४८ लयागतका सिफारिस तथा सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालई अझै सरल, सहज, मितव्ययि, गुणस्तरीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १५ | १० |
| जन्मदर्ता | ६७६ | ६७६ |
| मृत्युदर्ता | २३५ | २३५ |
| बसाईसराई दर्ता | १२३ | १२३ |
| विवाह दर्ता | २८४ | २८४ |
| सम्बन्धविच्छेद दर्ता | ४८ | ४८ |

१५ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. ३३ लाख ३० हजार आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको निश्चित विधि र मापदण्ड तयार गरी आर्थिक सहायता वितरण गर्ने कार्य गर्नुपर्दछ ।

१६ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीहरूको रु. १,८४,००,०००.०० र पालिकाका चालुतर्फका कर्मचारीहरूको रु २,८८,१७,३५५.९२ गरी रु. ४,७२,१७,३५५.९२ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१७ **वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १४ | १४ | ११ | ३ |

१८ **कर्मचारी प्रोत्साहन तथा बैठक भत्ता-**

प्रदेश सरकारद्वारा प्रकाशित सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका ,२०७९ को वुदां नं ४ मा सार्वजनिक निकायले आर्थिक दायित्व पर्ने गरी बैठक भत्ता प्रदान गर्दा एउटै निकाय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारी मात्र सहभागी भई बस्ने बैठकमा बैठक भत्ता प्रदान गर्न पाइने छैन भन्ने व्यवस्था छ। नगरपालिकाले यो वर्ष कर्मचारी प्रोत्साहन तर्फ रु २४७३०००।–र कर्मचारी बैठक भत्ता तर्फ रु ६,५४,०००।– खर्च लेखेको छ। कर्मचारी प्रोत्साहन तर्फ सभा संचालनको समयमा तथा बजेट निर्माणको समयको लागि तोकिएका कर्मचारीको लागि प्रदान गरिएको छ। कर्मचारी बैठक भत्ता तर्फको खर्चमा नगरपालिकाले उपरोक्त खर्च व्यवस्थापन निर्देशिका बमोजिम एउटै निकायका कर्मचारी मात्र सहभागी भई बस्ने बैठकमा बैठक भत्ता प्रदान नगर्ने हिसाबले कार्य गर्नुपर्दछ।

१९ **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत संघीय सरकारबाट शसर्त अनुदानका रुपमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने भनी रू ९,२०,००० र उद्यमीको स्तरोन्नति (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम) का लागि रू २,४०,००० हस्तान्तरित भएको छ। उक्त निर्देशिकाको अनुसूची ३ बमोजिम नयाँ लघु उद्यमी सिर्जना तर्फ तोकिएको

प्रतिशतको दायरा भित्र रही उद्यम विकासका लागि सामाजिक परिचालन, उद्यमशीलता विकास तालिम, प्राविधिक सीप विकास तालिम, प्रविधि हस्तान्तरण, वित्तीय सेवामा पहुँच, बजारीकरणमा सहयोग र उद्यम विकास सहजकर्ता परिचालनका क्रियाकलापहरू गर्न सकिने उल्लेख छ। त्यसैगरी लघु उद्यमीको स्तरोन्नतितर्फ उद्यमीहरूको स्तरोन्नति(पुनर्ताजगी तथा एडभान्स सीप विकास तालिम), समूहमा प्रविधि हस्तान्तरण र साझा सुविधा केन्द्र संचालनका क्रियाकलापहरूमा बजेट तथा कार्यक्रममो बाँडफाँड गरी कार्यक्रम संचालन गर्न सक्ने व्यवस्था रहेको छ।

पालिकाद्वारा उपलब्ध गराइएका श्रेस्ता अनुसार उद्यमीको स्तरोन्नति तर्फ डल कुशन बनाउने तालिम सम्पन्न गरी रू १,२९,५८०खर्च भएको देखिन्छ। सो शीर्षकको अन्य रकम नयाँ लघु उद्यमी सिर्जना तर्फ र सहजकर्ताको स्थानीय आर्थिक विकास कार्यविधि र उद्यमशीलता विकास तालिममा सहभागिता बापतको दैनिक तथा भ्रमण खर्चमा रकम भुक्तानी भएको छ। यस्तै कतिपय कार्यक्रहरूको भुक्तानी नयाँ लघु उद्यमी सिर्जना तर्फबाट गर्नुपर्नेमा उद्यमीको स्तरोन्नति तर्फबाट र उद्यमीको स्तरोन्नति तर्फबाट हुनुपर्नेमा नयाँ लघु उद्यमी सिर्जना तर्फबाट भएको देखियो। पालिकाले कार्यक्रमहरूको भुक्तानी गर्दा सम्बन्धित खर्च शीर्षकबाट गर्दै शसर्त तर्फका हस्तान्तरित कार्यक्रमहरूको निर्धारित उद्देश्यानुसार दिगो उपलब्धी सुनिश्चित गर्नेतर्फ ध्यान पुर्याउनुपर्ने देखिन्छ।

उद्यमीको स्तरोन्नति तर्फको तालिम अन्तर्गत विभिन्न डलकुशनहरू उत्पादन भएका छन्। सो निर्देशका बमोजिम त्यसरी उत्पादित बस्तुहरूको निर्धारित व्यवस्था अनुसार यथासम्भव विक्री गर्ने अन्यथा स्टोर दाखिला गर्नुपर्नेमा सो समेत नगरेको पाइएकाले उक्त सामाग्रीहरूको गुणस्तर तथा विक्रीमा कानुनत: तोकिएको आवश्यक जिम्मेवारी वहन गर्नुपर्दछ।

२० **किसान सूचीकरण कार्यक्रम**

गो.भौ.नं. २८२।०८१।०३।२४- संघीय सरकारबाट किसान सूचीकरण कार्यक्रमका लागि शसर्त अनुदानका रुपमा रू २,४०,००० विनियोजन गरिएको छ। सो रकम मध्ये जम्मा रू १,७३,१५० खर्च भएकोमा कुल २६३ किसान सूचीकरण गरेवापत सोको पारिश्रमिकका लागि रू १९,७२५ खर्च भएको र अन्य रकम रू १,५३,४२५ वडा समितिहरूको बैठक व्यवस्थापनमा खर्च भएको देखिन्छ। किसान सूचीकरण कार्यक्रम कार्यान्वियन विधि, २०७७ को अनुसूची ५ को (४) मा वडा समितिहरूको बैठक व्यवस्थापन (सहभागीहरूले नियमानुसार पाउने बैठक भत्ता, खाजा खर्च लगायत) का लागि विनियोजित बजेटको बढीमा २० प्रतिशत रकम खर्च गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले बैठक व्यवस्थापनमा विनियोजित बजेटको २० प्रतिशतले हुन आउने रू ४९,८०० भन्दा विभिन्न कर्मचारी, पदाधिकारी तथा आपूर्तिकर्ताहरूलाई जम्मा रू १,५३,४२५ भुक्तानी गरेकाले कार्यविधि विपरित भएको खर्च नियमित गर्नुपर्ने रू

| | |
|---|---|
| अनियमित भएको | १,०३,६२५ |

२१ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-६** को निर्णयले रू **९६,२६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२२ **मूल्य अभिवृद्धि करमा दर्ता नभएकोसँग खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार बिस हजारभन्दा माथिको खरिद गर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निम्मानुसार तोकिएको सिमा भन्दा बढी भुक्तानी गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्मसँग खरिद गरेको नपाइएकाले कानुनको परिपालना गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| गो.भौ.नं. | भुक्तानी पाउने फर्म | प्रयोजन | रकम रू |
|---|---|---|---|
| १२७ | गणेश होटल | उद्यमशीलता विकास तालिमका लागि खाजा नास्ता | ३५,७२५ |
| ३ | अनुप नास्ता पसल | ब्युटी पार्लर तालिमका लागि खाजा नास्ता | ४०,५०० |

२३ **अवकास कोष-**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण,औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यो वर्ष कर्मचारी कल्याण कोषमा रु ३५,००,०००।– विनियोजन गरेपनि कोषको कार्यविधि तयार गरी अवकाष कोष संचालनमा ल्याएको छैन। नियमावलीले गरेको व्यवस्था बमोजिम कार्यविधि तयार गरी कोष संचालनमा ल्याउनुपर्दछ।

२४ **विपद व्यवस्थापन-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२) नं मा विपद व्यवस्थापन अन्तर्गत स्थानीय स्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना ,पूर्व सूचना ,खोज तथा उद्धार, राहत सामाग्रीको पूर्व भण्डारण,वितरण र समन्वय,विपद जोखिम क्षेत्रको नक्शाङ्कन तथा वस्तीहरुको पहिचान र स्थानान्तरण जस्ता विषय समेटि कानून तर्जुमा गरी कार्यान्वियन गर्ने काम ,कर्तव्य रहने उल्लेख गरेको छ। नगरपालिकाले सो सम्बन्धि कार्यविधी तथा जोखिम क्षेत्रको नक्शाङ्कन तथा पहिचान जस्ता कार्य गरेको देखिएन ।नगरपालिकाको यो वर्ष विपदर विपद तथा वातावरण तर्फ रु ५२,६०,७५९।- गरेको छ। कानूनले उल्लेख गरे वमोजिम विपद् सम्वन्धी प्रति कार्य योजना ,जोखिम वस्तीहरुको पहिचान गरी समयमा नै व्यवस्थापन तर्फ ध्यान दिनुपर्दछ।

२५ **जिन्सी व्यवस्थापन-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९५ मा सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्ने र लगत बमोजिमको सम्पत्ति तथा जिन्सी कार्यालय प्रमुखको रेखदेखमा भण्डार शाखा प्रमुखले जिम्मा लिनु पर्ने व्यवस्था छ। नगरपालिकाले कार्यालयमा रहेका तथा यसवर्ष खरिद गरीएका मालसामान पाम्स प्रणालीमा अद्यावधिक गरेको छ। जिन्सी अद्यावधिक गरीएका कुन-कुन मालसामान कस कसको जिम्मा रहेको छ। सो प्रष्ट विवरण देखिने गरी जिन्सी सहायक खाता अद्यावधिक गरेको छैन। नियमावलीले गरेको व्यवस्था बमोजिम जिन्सी मालसामान जिम्मा लिने पदाधिकारी/कर्मचारीको प्रमाणित विवरण खुल्ने गरी जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ।

२६ **अवण्डा वजेट-**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधार तयार गरी श्रोत अनुमान तथा सिमा निर्धारणका आधारमा अवण्डा नराखी आय-व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले २०८० असार महिनामा स्वीकृत गरेको बजेटमा फुटकर योजनामा रु ७८,९०,०००।-,अन्य सार्वजनिक निर्माणमा रु ७०,००,०००।– र सडक मर्मत संम्भारमा रु ३५,००,०००।– गरी जम्मा रु १,८३,९०,०००।– अवण्डाको रुपमा विनियोजन गरी रु १,७६,७७,०००।– खर्च गरेको छ। बजेट अवण्डा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रकृयामा नियन्त्रण गर्नुपर्दछ।

२७ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४२ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत

सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२८ **सामाजिक सुरक्षा भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-६** को निर्णयले रू **२३२,६६७.६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

२९ **शिक्षकको तलब बढी निकासा**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-६** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३० **सेनेटरी प्याड व्यवस्थापन**

पालिकाले यस वर्ष सामुदायिक विद्यालयका छात्राहरुलाई नि:शुल्क सेनेटरी प्याड व्यवस्थापन अन्तर्गत देहायबमोजिम खर्च गरेकोमा देखिएका व्यहोरा निम्न छन् ।

| गो.भौ नं/मिति | आपूर्तिकर्ता | परिमाण | खर्च रु (मु.अ.कर. सहित) |
|---|---|---|---|
| २३१-२०८१।०३।१७ | एन्जल टच हाइजिन म्यानुफ्याचरिङ्ग प्रा.लि | २८,७२५ प्याकेट pure ultra clear choce 288 mm | १४,४४,४३६.६३ |

• सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ५(४) बमोजिम स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याड उत्पादन तथा प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरुमा ध्यान दिई त्रैमासिक, चौमासिक वा अर्धबार्षिक रुपमा वितरण गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले २०८१ आषाढमा रू. १४,४४,४३६.६३ को खरिद गरी एकैपटक विद्यालयलाई वितरण गरेको देखिन्छ । पालिकाले कार्यविधि बमोजिम त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्ने व्यवस्था मिलाउनुपर्छ ।

• विद्यालयले छात्राहरुलाई उपलब्ध गराएको स्यानीटरी प्याडको अभिलेख तथा बुझिलिएको भरपाई राख्नुपर्ने व्यवस्था रहेकोमा विद्यालयहरुले छात्राहरुलाई वितरण गरेको अभिलेख तथा भरपाई राखेको पाईएन । साथै पालिकाले यस वर्ष वितरण गरेको २०७०० थान मध्ये १९८०० थानको विरतण भरपाई पेश गरेको र बाँकी ९०० थान मौज्दातको वितरण भरपाई पेश गरेको देखिएन ।

३१ **विद्यालय नि:शुल्क पाठ्यपुस्तक**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदानको व्यवस्था गरेको छ । कार्यक्रम कार्यान्वियन पुस्तिका बमोजिम पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी अपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था गरेकोमा पालिकाले एकैपटक निकासा गरेको छ । पालिकाले IEMIS मा समावेश भएका विद्यार्थी संख्यासंग वास्तविक विद्यार्थी संख्यालाई सत्यापन नगरी बढि निकासा दिएको देहायबमोजिमका विद्यालयको पाठ्यपुस्तक वापतको रकम असुली गर्नुपर्ने रू.

| क्र.सं. | विद्यालयको नाम | निकासा भएको | निकासा हुनुपर्ने | बढी निकासा |
|---|---|---|---|---|
| १ | सिद्धबाबा मा.वि.कक्षा २ र ९ | १२६४६८ | १२४५८४ | १८८४ |
| २ | जनसहयोग मा.वि. कक्षा१२ | १२०११ | ११६९५ | ३१६ |
| ३ | बुद्ध मा.वि. कक्षा ७ | ११९६८ | ११२२० | ७४८ |
| ४ | उपल्ला तम्घास मा.वि.कक्षा १ र ७ | ३६०८६ | ३२२१३ | ३८७३ |
| ५ | भगवती मा.वि. कक्षा १, २, ४ र ६ | ४४८६८ | ४१०७२ | ३७९६ |
| ६ | घोर्ले मा.वि. कक्षा ९ | २१८७७ | २११०७ | ७७० |
| ७ | त्रिभुवन मा.वि. कक्षा४, ५, ६, ७ र ८ | ८१०२८ | ७६८२७ | ४२०१ |
| ८ | सेउघा नि.मा.वि. कक्षा१, २, ३, ६, ७ र ८ | ३८४८७ | ३२७४२ | ५७४५ |
| ९ | रानीपोखरी नि.मा.वि.कक्षा २, ३ र ८ | १९३४० | १७३२० | २०२० |
| १० | पृथ्वी प्रा.वि. कक्षा४ | २३८५ | १७८९ | ५९६ |
| ११ | सुर्योदय प्रा.वि.कक्षा १, | ४९७५ | २२३९ | २७३६ |

| | | | | |
|---|---|---|---|---|
| | २ र ३ | | | |
| १२ | जनप्रिय प्रा.वि.कक्षा १ | ३६४६ | २६०४ | १०४२ |
| १३ | माइकास्थान प्रा.वि.कक्षा २ | १६७० | ० | १६७० |
| जम्मा | | ४०४८०९ | ३७५४१२ | २९३९७ |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-६** को निर्णयले रू **३,६३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१०-२** को निर्णयले रू **२,७११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-६** को निर्णयले रू **१,९०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-६** को निर्णयले रू **१,१७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-६** को निर्णयले रू **७,४४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-६** को निर्णयले रू **३,५४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-६** को निर्णयले रू **४,०६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २९,३९६ |

३२ **विद्यालय प्रोत्साहन अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०⁄८१ को क्रियाकलाप नं. २.७.१३.१३ को ९.३ मा शैक्षिक, व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराउने व्यवस्था गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोरा देहायबमोजिम रहेको छ

| क्र.सं. | विद्यालयकोनाम | रकम |
|---|---|---|
| १ | जनसहयोगमा.वि. | २००००० |
| २ | जनविकासमा.वि. | २००००० |
| ३ | उपल्लोतम्घास मा.वि. | १००००० |
| जम्मा | | ५००००० |

• क्रियाकलानले त्यस्तो अनुदान उपलब्ध गराउँदा विद्यालय छनौट गर्दा कम्तिमा आधारभूत तर्फ १०० विद्यार्थी र माध्यमिक तर्फ २०० विद्यार्थी भएका विद्यालयमध्ये सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि, प्रक्रिया र पद्धतिबमोजिम प्राप्त गरेको

समष्टिगत अंकलाई आधार मानी उच्चतम अंक प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमश: तीन लाख र दुई लाख निकासा गर्ने व्यवस्था गरेकोमा पालिकाले कार्यपालिकाबाट निर्णय गराई सो व्यवस्था विपरित उपर्युक्त तीन विद्यालयलाई अनुदान वितरण गरेको छ ।

• विद्यालयले सम्पादित कार्यको आवधिक प्रगति प्रतिवेदन स्थानीय तह तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रका विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा नियमित रूपमा पठाउने व्यवस्था गरेकोमा त्यस्तो प्रतिवेदन गरेको पाईएन ।

• स्थानीय तहले प्रस्ताव अनुसार अनुदान रकमको उपयोगको अवस्थाका सम्बन्धमा नियमित अनुगमन गर्नुपर्ने उल्लेख गरेको छ । पालिकाबाट त्यस सम्बन्ध क्रियाकलाप नं. मा उल्लेख भएबमोजिम अनुगमन गर्नुपर्दछ ।

३३ **खुला विद्यालय सञ्चालन अनुदान** (157-२०८१-१-३०):

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं. २.७.१३.११ मा शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम सम्बन्धी व्यवस्था छ । उपक्रियाकलाप तथा कार्यान्वियन प्रक्रियाको ६.१ मा कार्यक्रमको लागि स्वीकृत बजेट बाँडफाँड गरी विद्यालयहरूलाई अनुदान उपलब्द गराउने व्यवस्था गरेको छ । क्रियाकलापको ६.५ मा खुला विद्यालय (कक्षा ९-१०) सञ्चालन अनुदानका लागि एकमुष्ठ रू १ लाख ५२ हजार बजेट बाँडफाँड गरेको मा सोही क्रियाकलापको ६.५ मा विद्यालयले उक्त प्राप्त अनुदान रकमबाट कार्यक्रम सञ्चालन गर्दा तोकिए बमोजिमका विभिन्न ११ शिर्षकमा कुल रू १३८३००.०० खर्च गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले श्री महेन्द्र मा वि लाई विद्यालयलाई एकमुष्ठ रू १५२०००.०० बजेट अनुदान उपलब्ध गराई तोकिएको सीमाभन्दा रकम रू १३७००.०० बढी कुनकुन प्रयोजन तथा शिर्षकमा खर्च भएको हो सो को प्रमाण देखिदैँन । क्रियाकलापले तोकेभन्दा बढी खर्च भएको आधार सहित प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,७०० |

३४ **शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवं पूर्वाधार व्यवस्थापन**

(क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर : कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

(ख) निजि विद्यालय व्यवस्थापन : राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

(ग) बिद्यालयहरुको लेखापरीक्षण : कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ मा पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ । पालिका अन्तर्गत ४० सामुदायिक विद्यालयहरु रहेकोमा आ.व. २०८०।८१ को अन्तिम लेखापरीक्षण अवधिसम्म कुनै पनि विद्यालयहरूको लेखापरीक्षण गराएको विवरण प्राप्त भएको छैन । अतः कार्यालयबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

३५ **बढी ग्रेड भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-६** को निर्णयले रू **३,८२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३६ **दिवा खाजा**

कार्याक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा सामुदायिक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्न आर्थिक वर्षको सुरुमै IEMIS मा समावेश भएका विद्यार्थी संख्यालाई आधार मानेर त्रैमासिक रुपमा अनुदान भुक्तानी गर्ने व्यवस्था छ ।

पालिकाले यस बर्ष ४० सार्वजनिक विद्यालयका ३१२३ विद्यार्थीहरूलाई दिवा खाजामा कुल रू ७९,९९,०८५.०० खर्च लेखेको छ । पालिकाले IEMIS मा समावेश भएका विद्यार्थी संख्यासंग वास्तविक विद्यार्थी संख्यालाई सत्यापन नगरी बढि निकासा दिएको देहायबमोजिमका विद्यालयको दिवा खाजाको रकम असुली गर्नुपर्ने रू.

| क्र.सं. | विद्यालयको नाम | निकासा हुनुपर्ने | निकासा भएको | बढी निकासा |
|---|---|---|---|---|
| १ | सरस्वति प्रा.वि. १४ | ४३२०० | ५१७२० | ८५२० |
| २ | शंकर वालविकास | २४३०० | २६०४० | १७४० |
| | जम्मा | ६७५०० | ७७७६० | १०२६० |

| असुल गर्नुपर्ने | १०,२६० |
|---|---|

३७ **आइ.सि.टि. व्यवस्थापन**

पालिकाले यस वर्ष विद्यालयहरुलाई निम्नानुसारको शीर्षकमा अनुदान उपलब्ध गराएकोमा निम्न व्यहोरा देखिएका छन् ।

| गो.भौ.नं./मिति | कार्यक्रम | विद्यालयको नाम | रकम |
|---|---|---|---|
| २४७-२०८१।०३।२१ | आइ.सि.टि. ल्याव व्यवस्थापन | सिद्धबाबामा.वि. | ६४८८३३ |
| २४९-२०८१।०३।२१ | आइ.सि.टि.ल्याव व्यवस्थापन | घोर्लेमा.वि. | ६४९९९२ |
| २६०-२०८१।०३।२२ | आइ.सि.टि.ल्याव व्यवस्थापन | महेन्द्रमा.वि. | ६४८९७३ |
| जम्मा | | | १९४७७९८ |

आर्थिक वर्षको अन्त्यमा निकासा गरेको यस कार्यक्रममा पालिकाले शिक्षण सिकाइमा आइ. सि.टी को प्रयोग अनुदान उपलब्ध गराएकोमा सो को अनुगमन प्रतिवेदन गर्नुपर्दछ ।

३८ **वडा कार्यालयको प्रशासनिक खर्च-**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७४(६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता,कार्यदक्षता,प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। नगरपालिकाले वडा नं १-१४ सम्मका वडा कार्यालयको कार्यालय संचालन गर्न प्रशासनिक खर्चको रुपमा विभिन्न शिर्षकमा रकम विनियोजन गरेको छ। नगरपालिकाको कार्य क्षेत्र भित्र संचालन भएका योजनाहरुको अनुगमन गरी सो को प्रतिवेदन दिन उप-प्रमुखको संयोजकत्वमा अनुगमन समिति रहन्छ। नगरपालिकामा रहेको अनुगमन समितिको खर्चको अलावा नगरपालिकाले प्रत्येक वडाको लागि प्रति महिना रु ४००० का दरले १२ महिनाको १४ वटै वडाको लागि रु ७२,०००।–अनुगमन तथा मूल्यांकन स्वरुप खर्च लेखेको छ। नगरपालिकामा कानूनले

नै व्यवस्था गरेको अनुगमन समिति रहेको अवस्थामा पुनः वडाको लागि बजेट व्यवस्था गरेको कारण नगरपालिकाले मितव्ययी रुपमा बजेट विनियोजन गरेको देखिएन।

## ३९ सवारी साधन मर्मत-

सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९६ मा सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत सम्भार गर्नुपर्ने भएमा सो को लिखत जानकारी मालसामान उपयोगकर्ताले कार्यालय प्रमुखलाई दिएपछी निजले नियम १३ को उपनियम (५) बमोजिम लागत अनुमान तयार गराई स्वीकृत गर्नु पर्दछ ।उपकरण वा पाटपूर्जा खरिद गरेकोमा सार्वजनिक निकायले त्यस्ता मालसामान वा उपकरण जिन्सी दाखिला गराई प्रति एकाई मूल्य पाँच हजार रुपैयाँ भन्दा बढी पर्ने उपकरण वा पाटपूर्जाको अभिलेख राख्नु पर्नेछ र त्यस्ता पाटपूर्जा पुराना उपकरण वा पाटपूर्जाको लागि प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नु पर्दछ । पालिकाले विभिन्न मितिमा गाडी, दमकल र अन्य सवारी साधन मर्मतमा रु ३२ लाख ४३ हजार खर्च गरेको छ । जसमा गाडी विग्रेको निवेदन नभएको, प्राविधिकबाट लागत अनुमान तयार नगरेको र मर्मत गरिसकेपछि पुराना विग्रेका सामानको दाखिला गरेको देखिँदैन। यस्तो कार्यमा नियन्त्रण गरी नियमावलीले गरेको व्यवस्था बमोजिम मर्मत कार्यहरु गर्नुपर्दछ।

## ४० लक्षित कार्यक्रम नगरी वितरणमुखी कार्यक्रम-

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले नगरपालिका चालु तर्फ देहायका लक्षित कार्यक्रम नगरी वितरणमुखी कार्यक्रम गरेको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिँदैन। यस्तो खर्च गर्दा वास्तविकता र आवश्यकतामा आधारित भई खर्च गर्नुपर्दछ।वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

| **भौ.नं।मिति** | **विवरण** | **भएको कार्यक्रम** | **रकम** |
|---|---|---|---|
| २४८। २०८०-१०-१७ | दलित महिला जनजाति विपन्न लक्षित कार्यक्रम | वडा नं १३ का महिलाहरुलाई ५०० लि. को ट्यांकी वितरण | ९६,६१५।- |
| ६१०।२०८१-२-९ | महिला सशक्तिकरण कार्यक्रम | वडा नं १० मा १६ लिटर स्टिल खानेपानी फिल्टर ६० वटा | ९९,९६०।- |
| ७८२।२०८१-३-१८ | युवा स्वरोजगार कार्यक्रम | वडा नं १३ मा खानेपानी पाइप खरिद | ९९,७९८।- |
| ८०४।२०८१-३-१८ | दलित अपाङ्ग जनजाति र विपन्न वर्ग सशक्तिकरण कार्यक्रम | ५०० लिटर ट्याकी २० वटा वितरण | ९६६१५।- |
| **जम्मा** | | | **३,९२,९८८।-** |

## ४१ विज्ञापन बोर्डको कोष खाता-

विज्ञापन नियमन गर्ने ऐन,२०७६ को दफा २१(ख) र प्रथम संशोधन नियमावली,२०८० को नियम ६(क) मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण वापतको त्यस्तो एजेन्सीले जारी गरेको विल बमोजिमको रकम भुक्तानी गर्दा भुक्तानी रकमको ३ प्रतिशत कट्टी गरी बोर्डको कोष खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले विज्ञापन बापत रु १२,००,०००।– भुक्तानीमा रकम कट्टी नगरी भुक्तानी गरेको देखिएकोले आगामी दिनमा बोर्डमा जम्मा गर्नुपर्ने ३ प्रतिशत कट्टा गरेर मात्र भुक्तानी दिनुपर्दछ।

## ४२ पदाधिकारी सुविधा-

लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ३ मा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सुविधा तथा भत्ता पाउने व्यवस्था छ । तर पालिकाले पदाधिकारीको बार्षिक पारिश्रमिक सुविधामा रु १,२८,२०,०००।- खर्च गरेको छ। । जुन पालिकाको यो वर्षको आन्तरिक आयको तुलनामा ५५.१ प्रतिशत रहेको छ।उक्त कानूनले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेतापनि पालिकाले राजश्व बाँडफाँडबाट मात्र खर्च व्यहोरेको छ।पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको सीमाभित्र राख्नुपर्दछ ।

४३ **हाटबजार संचालनमा नआएको-**

५७।०८१-३-२४ रेसुङ्गा नगरपालिकामा हाटबजार संचालनको लागि पूर्वाधार निर्माण कार्य रु १५,६३,९९६।– मा सम्पन्न गर्ने गरी नाइजल निर्माण सेवा प्रा.लि.संग मिति २०८१-३-११ मा सम्झौता भएको छ। हाट बजारको लागि १० वटा रोलिङ सटर, Plum concrete 32.19 cum निर्माण गरी रु १५,४९,८१६।– खर्च भएकोमा सो हाटबजार संचालनमा आएको छैन। नगरपालिकाले खर्च रकम उपयोग हुने गरीआयोजना हाटबजार संचालन गर्नुपर्दछ।

४४ **आन्तरिक आय तर्फ-**

४४.१ नगरपालिकाले यो वर्ष आन्तरिक आयतर्फ रु १,६०,००,०००।-प्राप्त हुने अनुमान गरेकोमा रु २,३२,७५,४८७।– प्राप्त भएको छ सो सम्बन्धमा निम्न व्यहोरा देखिएको छः-

४४.२ **IEE नगरेको** –नगरपालिकाको राजश्वको क्षेत्रहरुमा ढुङ्गा ,गिटी ,बालुवा जस्ता नदीजन्य पदार्थको लागि उत्खनन गर्न मिल्ने व्यवस्था गर्न सर्वप्रथम नदीजन्य पदार्थ पाइने क्षेत्रको पहिचान गरी IEE (वातावरणीय पक्ष) को मूल्यांकन गर्नुपर्दछ। नगरपालिकाको वडा नं ३,६ र १४ मा ठेक्का व्यवस्थापन हुन सक्ने भनि क्षेत्र पहिचान भएको छ। सो क्षेत्रबाट के कति परिमाणमा नदीजन्य पदार्थ उत्खनन् गर्न सकिन्छ सो को IEE गर्नुपर्नेमा नगरपालिकाले IEE गरेको छैन। सो क्षेत्रहरुमा ठेक्का व्यवस्थापन पनि भएको छैन।

४४.३ **आन्तरिक आयको तुलना-** नगरपालिकाको ३ वर्षको आन्तरिक आयको अवस्था देहाय बमोजिम रहेको छः-

| **आ.व ०७८।०७९** | **०७९।०८०** | **०८०।०८१** |
|---|---|---|
| १४५०३४१५ | २०६०३५१० | २३२७५४८७ |

आन्तरिक आयको ३ वर्षको आयमा आ.व.०७८।०७९ को तुलनामा आ.व. ०७९।०८० मा ४२ प्रतिशतले वृद्धि भएकोमा आ.व. ०७९।०८० को तुलनामा आ.व. ०८०।०८१ मा १३ प्रतिशतले मात्र वृद्धि भएको छ।आन्तरिक आयका श्रोतहरुको पहिचान गरी आय वृद्धि गर्ने तर्फ नगरपालिकाले ध्यान दिनु पर्दछ।

४४.४ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-६** को निर्णयले रू **१३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४५ **रेसुङ्गा पर्यटन पार्क-**

४५.१ रेसुङ्गा गर्जुरा पर्यटन पार्क निर्माण कार्य मिति २०७८-७-१० मा रु ५,५९,५३,५०१।-(Vat ,Ps समेत) को निर्माण व्यवसायी धुलिखेल-अर्जुन –न्यूलिजा जे.भी. सँग सम्झौता भई कार्य भएको छ। सो सम्बन्धमा निम्न व्यहोरा देखिएको छः-

४५.२ **एज विल्ट ड्रइङ पेश नगरेको-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीले रेसुङ्गा गर्जुरा पर्यटन पार्कको कार्य सम्पन्न भै सकेको अवस्थामा नियमावलीको व्यवस्था बमोजिम एज विल्ट नक्सा पेश गरेको छैन।

४५.३

**जग्गाको स्वामित्व**-सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई कार्य प्रारम्भ गर्न नहुने व्यवस्था छ। नगरपालिकाले निर्माण गरेको सो पार्कको जग्गा नगरपालिकाको स्वामित्वमा आएको छैन। जग्गाको सुनिश्चितता गरी लगानी गर्नुपर्दछ,पार्क निर्माण भएको जग्गा नगरपालिकाको स्वामित्वमा ल्याउनुपर्दछ।

४५.४ **बढी भुक्तानी** – खरिद सम्झौताको BOQ मा माटो काट्ने र फाल्ने कार्य १०,६१२.२५ घ.मि. रहेको र सो बमोजिमको कार्य गरी रु १०,६१,२२५।-(भ्याट बाहेक) भुक्तानी भएको छ। खरिद सम्झौताको BOQ मा Unforseen work अन्तर्ग PS Item मा रु १०,१५,१३०।– राखेको र सो अन्तर्गत अन्तिम बिलमा २६५३.२७ घ.मि. माटो काटेको र फालेको गरी मू.अ.कर समेत रु ६,०६,८३४।– भुक्तानी लिएको छ। निर्माणको क्रममा आकस्मिक रुपमा पर्न आउने विषयमा मात्र भुक्तानी हुने आइटमबाट BOQ मा भएको आइटममा नै दोहोरो हुने गरी भुक्तानी भएको निर्माण व्यवसायीबाट असूल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,०६,८३४ |

४५.५ **थप दायित्व**- संस्कृति ,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प.सं ०७७।०७८ च.नं २४७ मिति २०७७-११-३ को पत्र बमोजिम पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम संचालन गर्ने कार्यमा भेरियसन वा मूल्य समायोजन वापत थप दायित्व सिर्जना भएमा सो दायित्व सम्बन्धित पालिकाले आफ्नो श्रोत बाट व्यहोर्नु पर्ने व्यवस्था गरेको छ। नगरपालिकाले सो पार्क निर्माण कार्यमा भेरियसन पछि थप भएको परिमाणको रु १७,४९,२२५।– अन्तिम विलबाट भुक्तानी भएको छ। मन्त्रालयको पत्र बमोजिम थप दायित्व सिर्जना भएकोमा नगरपालिकाले व्यहोर्नुपर्ने रकम मन्त्रालयको स्रोतबाट व्यहोरिएको छ । आयोजना पुरा हुंदासम्म मन्त्रालयको अंशमा बढी खर्च नभएको भन्ने नगरपालिकाको भनाई रहेको छ ।

४५.६ **ठेक्का व्यवस्थापन**- नगरपालिकाले आन्तरिक आय अन्तर्गत सो पार्कबाट रु १२,००,०००।– आयको अनुमान गरेकोमा रु ६,५२,५००।– मात्र प्राप्त भएको छ। पार्कको निर्माण कार्य सकि सकेको अवस्थामा सो बाट प्राप्त हुने आयको प्रक्षेपण गरी बोल कवोलको माध्यमबाट ठेक्का व्यवस्थापन गर्नेपर्नेमा नगरपालिकाले हालसम्म ठेक्का व्यवस्थापन गरेको छैन। आन्तरिक आय वृद्धि हुने महत्वपूर्ण क्षेत्र भएको कारण सार्वजनिक सूचना निकाली नियमानुसार बढावढको माध्यमबाट ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

४६ **औषधी खरिद तथा व्यवस्थापन**

औषधि खरिदका लागि बोलपत्र मार्फत अविन मेडिसिन सप्लायर्ससंग रु. ११६२१०८ को खरिद गरेको छ । यस सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

| गो.भौ.नं / मिति | आपुर्तिकर्ता | औषधीको विवरण | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|
| ५९-२०८०।१०।१२ संघ सशर्त | चिराग फार्मेसी प्रा.लि. | Amlodipine5mg Tab लगायत ७३ प्रकारका औषधिहरू | ५०९९३८ | ठेक्कामार्फत खरिद |
| १४३-२०८१।०१।२६ संघ सशर्त | चिराग फार्मेसी प्रा.लि. | metformine 500 mg लगायत ४९ प्रकारका औषधिहरू | ६५२१७० | कोटेशनमार्फत खरिद |
| जम्मा | | | ११६२१०८ | |

• मौज्दातमा कम परिमाणमा देखिएको औषधि स्टोर (store) निरिक्षणका क्रममा बढि परिमाणमा देखिएको, खरिद गरिएको औषधिको स्टोर्स दाखिला र स्वास्थ्य संस्थामा वितरण भएको औषधिको हस्तान्तरण फाराम समयमै नभएको पाईयो ।

• औषधि भण्डारण गर्दा सामानको व्याच र म्यादको आधारमा सामान राखि सोही अनुसार ELMIS मा सामान राखेको ठाउँ खुल्ने गरी ईन्ट्री नगरेको तथा सामाग्री अव्यवस्थित तरिकाले राखेकोले व्यवस्थित गरी भण्डारण गर्नु पर्ने ।

• औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए/नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४७ **अनुदान तथा वितरणमुखी कार्यक्रम**

पालिकाले आ.व २०८०।८१ मा कृषि तथा पशु अन्तर्गतका देहायबमोजिम पकेट विकास तथा अन्य अनुदान लगायतका वितरणमुखी कार्यक्रम सञ्चालन तथा सामाग्री खरिद, वितरण गरेकोमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

| गो.भौ.नं./मिति | कार्यक्रमहरुको नाम | खर्च रु. | कृषकसमुह |
|---|---|---|---|
| २३५-२०८१।३।१८ | फलफूलप्रवर्द्धन कार्यक्रम कागती खेति | १५०००० | ९ जना |
| २३६-२०८१।३।१८ | फलफूलप्रवर्द्धन कार्यक्रम कागती खेति बगैँचा क्षेत्र विस्तार कार्यक्रम | १४०००० | १४ जना |
| २५१-२०८१।३।२१ | रैथानेबाली प्रवर्द्धन कार्यक्रम गड्यौलापालन | ५२८१६ | १ जना |
| २६२-२०८१।३।२३ | बाख्रापकेट विकास कार्यक्रम निरन्तरता गत आ.व. | ६७६२०० | |
| २६४-२०८१।३।२३ | आलुप्रवर्द्धन कार्यक्रम | ८०५३८७ | ३ कृषकसमुह |
| | जम्मा | १८२४४०३ | |

(क) अनुदानको उपयोग : सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए/नआएको संम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । पालिकाले वितरण गरेको अनुदानको केहि नमुना परीक्षण गर्दा कृषक तथा कृषक समुहलाई वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्देश्य अनुरुप अनुदानको सदुपयोग भएको हो/होईन एकिन गर्न सक्ने गरी अनुगमन मुल्याङ्कन गर्नुपर्दछ ।

(ख) गुणस्तर परीक्षण सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष बाख्रा पकेट विकास निरन्तरता कार्यक्रम, फलफुल प्रवर्द्धन कार्यक्रम, विभिन्न खाद्यान्न वाली विउ वितरण कार्यक्रममा रु १८२४४०३ मुल्य बराबरको कृषि विउविजनको गुणस्तर परिक्षण गर्ने तथा स्पेसिफिकेशन अनुसार भए नभएको एकिन गर्नुपर्दछ ।

४८ **गुणस्तर प्रतिवेदन नभएको-**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा सम्झौता कार्यान्वयनको प्रगति तथा गुणस्तर पक्षको निरीक्षण परीक्षण गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले देहायको खरिद सम्झौतामा प्रयोग भएका निर्माण सामाग्रीको रु ६४१०४०१ मूल्य बराबरको निर्माण कार्यमा गुणस्तर परीक्षण प्रतिवेदन प्राप्त नगरी भुक्तानी गरेको रु

| क्र.स. | ठेक्का नं/कार्य | निर्माण व्यवसायी | भुक्तानी रकम | प्रतिवेदन नभएको भुक्तानी रकम | निर्माण सामाग्री |
|---|---|---|---|---|---|
| १ | ३ नं वडा कार्यालय भवन निर्माण | यात्रा कन्स्ट्रक्सन एण्ड सप्लायर्स | | २१,४८,८५९।- | डण्डी, M20 RCC Slab |
| २ | १२ नं वडा कार्यालय भवन | रिमकिवल विल्डर्स | ३४,४२,९९४।- | २६,०४,४३१ | डण्डी ,M20 grade cement concrete |
| ३ | जिल्ला पुलिसगेट-शिवालय टोल-भगवती मन्दिर सडक | मुड्ली कन्स्ट्रक्सन | २०,९९,५६६।- | १६,५७,१११।- | डण्डी ,M20 grade cement concrete |
| जम्मा | | | | ६४१०४०१ | |

| प्रमाण पेश नगरेको | ६४,१०,४०१ |
|---|---|

४९ **वित्तीय समानीकरणको रकम चालु खर्चमा-**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा २१ को उपदफा ४ मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था गरेको छ। नेपाल सरकार,अर्थमन्त्रालयको च.नं १२१ मिति २०७८-३-२७ को पत्रबाट वित्तीय समानीकरणको अनुदान रकमलाई प्रशासनिक खर्चको प्रयोजनमा प्रयोग गर्न मिल्ने नदेखिएको र स्थानीय सरकारले आफ्नो प्रशासनिक खर्च आफ्नो आन्तरिक राजश्व तथा राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट मात्र व्यहोर्नुपर्ने व्यवस्था गरेको छ। नगरपालिकाले यस वर्ष विभिन्न विद्यालयहरुको शिक्षकको तलब,न.पा बाट वितरित बालविकास केन्द्रका सहजकर्ता,सहयोगी,विद्यालय सहायक कर्मचारीको पारिश्रमिक लगायत विभिन्न चालु तर्फका खर्च शिर्षकमा रु ४,७७,३६,०००।– बजेट विनियोजन गरी रु ४,५१,१३,०००।– खर्च गरेको छ। तर नगरपालिकाले सो एेन तथा अर्थमन्त्रालयको परिपत्र विपरित वित्तीय समानीकरणको विनियोजित रकमवाट बजेट वांडफांड गर्दा नै प्रशासनिक खर्च (चालु) तर्फ रकम विनियोजन गरेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन तथा नेपाल सरकार अर्थमन्त्रालयको परिपत्र बमोजिम वित्तीय समानीकरण बाट प्रशासनिक खर्चको प्रयोजनमा प्रयोग नहुने गरी बजेट तयार गर्नुपर्दछ । आर्थिक वर्षको अन्त्यमा राजस्व बाँडफाँड तथा वित्तीय समानिकरणको बजेट निकासा नभएको कारण तलव भत्तामा समेत खर्च गर्नुपरेको पालिकाको भनाई छ । शिक्षक विद्यार्थीको अनुपात विश्लेषण नगरी विद्यालय समायोजन नगरी शिक्षकको तलवभत्तामा वित्तीय समानिकरणबाट खर्च भएको रु

| अनियमित भएको | ९९,०६,००० |
|---|---|

५० **कार्य सम्पन्न नभएको-**

५०.१ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ मा खरिद सम्झौता कार्यान्वयनमा कार्य योजना अनुसार खरिद सम्झौता कार्यान्वयनको प्रगति अनुगमन गर्नुपर्ने व्यवस्था छ। संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष) बाट वडा नं ३ को वडा कार्यालय भवन मिति २०८१-३-१५ सम्म सम्पन्न गर्ने गरी रु ७९,९२,०९२।-(भ्याट समेत) ठेक्का व्यवस्थापन भएको छ। दोश्रो रनिङ विलसम्म रु ४४,५६,०३२।– भुक्तानी भएको सो निर्माण कार्यमा सम्झौता अवधि सम्म ६३ प्रतिशत वित्तीय प्रगति भएको छ। म्याद थप पश्चात मिति २०८१-६-१५ अवधि रहेको सो ठेक्काको निर्माण कार्य थप अवधिमा समेत सम्पन्न हुने अवस्था देखिँदैन। समयमानै सम्पन्न गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ।

५०.२ **फरक योजनामा खर्च-** ५१।०८१-३-२३ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(विशेष) बाट जुन योजनाको लागि स्वीकृत बजेट हो सोही योजनामा खर्च गर्नुपर्दछ। फरक योजनामा खर्च गर्नुपरेमा सम्बन्धित निकायबाट स्वीकृति लिनु पर्ने हुन्छ। नगरपालिकाले वडा नं ३ को वडा कार्यालय भवन निर्माण कार्यमा स्वीकृत बजेट बाट वचत भएको रकम मध्ये रु १३,०२,७७१।– रेसुङ्गा भाडगाउँ मझेङ खानेपानी तथा सरसफाई योजनामा खर्च भएको छ। एक योजनामा स्वीकृत रकम अन्य योजनामा भएको खर्च नियमित गर्नुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | १३,०२,७७१ |

५१ **मझेङ खानेपानी आयोजना-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक विल भरपाई रहे नरहेको यकिन गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले रेसुङ्गा भाँडगाँउ मझेङ खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई यो वर्ष रु २४,२०,८१३।– भुक्तानी गरेको छ। मिति २०७६-१२-२८ मा लागत रकम रु ३४,४०,९३,८०४।– को सो आयोजना खानेपानी तथा सरसफाई कार्यालय अर्घाखाँची र नगरपालिकाको लागत साझेदारीमा संचालित आयोजना हो। सम्झौता रकमको १० प्रतिशत नगरपालिकाले व्यहोर्ने शर्त बमोजिम उपभोक्ता समितिलाई भुक्तानी हुँदै आएको छ। सम्झौता अवधि देखि हालसम्म के कति कार्य प्रगति भएको छ, हालसम्म के कति भुक्तानी भएको छ सो को अभिलेख नगरपालिकाले राखेको छैन। आयोजनाको प्रगति अनुगमन नभएको र हालसम्म आयोजनाको कार्य सम्पन्न भएको छैन । नगरपालिकाको १-१४ वटै वडाको लागि कार्य क्षेत्र रहेको सो आयोजनाको नगरपालिकाबाट अनुगमन गरी कार्य प्रगति लिनु पर्दछ। नगरपालिकाबाट अन्य स-साना खानेपानी योजना पनि संचालनमा आएको र मझेङ खानेपानी आयोजनाको समेत प्रभाव क्षेत्र रहेको कारण योजनाहरु दीर्घकालिन रुपमा संचालन हुने गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

५२ **म्याद थप-**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५६ मा काबु वाहिरको परिस्थिति ,सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा अधिकार प्राप्त अधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था छ। कार्यपालिकाले मिति २०८१-३-३ को निर्णयबाट म्याद थप गरेको देहाय बमोजिमका ठेक्कामा ऐनले गरेको व्यवस्था बमोजिम के कारणले म्याद थप गर्नु परेको हो सो खुलाएको छैन। ऐनले गरेको व्यवस्था वमोजिम मनासिव कारण सहित खरिद सम्झौताको म्याद थप गर्नुपर्दछ।

| **योजनाको नाम** | **ठेक्का नं** | **कार्यपालिकाको निर्णय** | **म्याद थप अवधि** |
|---|---|---|---|
| सिमिचौर-रोकाछाका पोखरा -फलामे.... | ४०।०८०-८१ | २०८१-३-३ | २०८१-६-३० |
| तम्घास-गौशाला-इन्द्रेगौडा सडक स्तरोन्नति | २७।०८०-८१ | २०८१-३-३ | २०८१-६-३० |
| वडा नं ३ को वडा कार्यालय भवन | २१।०८०-८१ | २०८१-३-३ | २०८१-६-१५ |

५३ **वचत रकमबाट थप कार्य-**

३१७।०८१-३-२० सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ मा सार्वजनिक निकायले कुनै खरिदको लागत अनुमान तयार गर्दा एउटै खरिद सम्झौताबाट हुन सक्ने कामको लागि एउटै लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था गरेको छ। नगरपालिकाले वडा नं १२ को वडा कार्यालय भवनको लागि मिति २०८०-६-११ मा रु ४१,६८,४५१।– को निर्माण व्यवसायी रिमकिवेल विल्डर्स संग सम्झौता गरी कार्य गरेको छ। प्रदेश समपूरकबाट संचालित सो आयोजनामा वचत भएको रकमबाट पालिकाले सोही निर्माण व्यवसायीबाट कोटेशन लिई सोही भवनमा रेलिङ्ग ,प्लास्टर,रंगरोगन लगायतको कार्य गरी रु ९,७३,८६३।– भुक्तानी गरेको छ। पहिलो ठेक्काको लागत अनुमान रु ६०,६३,९३४।– मा के कति कारणले नसमेटिएका आइटमको बारेमा केही उल्लेख नगरी प्रथम ठेक्का नसकिदै वचत रकम खर्च गर्ने हिसाबले मात्र कोटेशनबाट गरेको नियमित गर्नुपर्ने खर्च रु

| | |
|---|---|
| अनियमित भएको | ९,७३,८६३ |

५४ **कार्यक्रम नभएको-**

नगरपालिकाले स्वीकृत कार्यक्रम तथा बजेटमा रहेका कार्यक्रमहरु कार्यान्वयन गर्दै जानु पर्दछ। यस वर्ष देहायका कार्यक्रमहरु पालिकाले संचालन गरेको छैन। स्वीकृत कार्यक्रमको रकम अन्य कार्यक्रममा रकमान्तर गरी खर्च गरेको छ।

| कार्यक्रम | विनियोजित बजेट |
|---|---|
| वडा नं १० को वडा कार्यालय भवन निर्माण | ६०,००,०००।- |
| इन्द्रवीर पौवा निर्माण | ८,००,०००।- |
| जनप्रतिनिधि र कर्मचारीबीचको क्षमता विकास कार्यक्रम | ६,००,०००।- |

५५ **दोहोरो कार्य-**

३६।०८१-३-२४ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम(विशेष अनुदान) तर्फ सिस्ने खोला भुवनपानी कुटी बृहत खानेपानी योजनाको लागत अनुमान रु ३९,५१,०२४।-(भ्याट समेत) को तयार गरी रु २६,७८,८७८।– मा ठेक्का व्यवस्थापन भएको छ। मिति २०८१-२-११ मा सम्झौता भई मिति २०८१-३-१६ सम्म अवधि रहेको सो खानेपानी योजनाको कार्यसम्पन्न भएपनि आयोजना संचालनमा आएको छैन। पहिलो ठेक्काको कार्य सम्पन्न नहुँदै नगरपालिकाले वचत रकमको आधारमा सोही योजनामा सोही पार्टीसंग कोटेशनबाट थप रु २,४२,९३७।– को लागत अनुमान बनाई रु २,३८,८५३।– खर्च गरेको अनियमित खर्च रु

| | |
|---|---|
| अनियमित भएको | २,३८,८५३ |

५६ **सडक मर्मत कार्य-**

३२०।०८१-३-२० प्रदेश समपूरक तर्फ वचत रकमबाट अर्डिबसे अनार काँडाँ बालकोट खोतखोते भुवनपानी सडक स्तरोन्नति कार्यमा वचत भएको रकमबाट नगरपालिकाले विभिन्न सडक मर्मत गरी रु ४,२४,१२६।– खर्च गरेको छ। नाइजल निर्माण सेवा संग कोटेशन बाट गरेको सो कार्यमा कुन सडकको कुन ठाउँमा मर्मत कार्य गरेको खुलाएको छैन। नाली निर्माण ,मेशिनरी वाल तथा Plum Wall लगायतको कार्य गरेकोमा आवश्यकता पहिचान नगरी कार्य गराई भुक्तानी गरेको नियमित गर्नुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ४,२४,१२६ |

५७ **नदीजन्य पदार्थको रोयल्टी-**

लुम्बिनी प्रदेश आर्थिक ऐन,२०७९ को दफा ८ मा प्रदेश भित्र अनुसूचि -६ बमोजिम पहाडी जिल्लाहरुमा ढुङगा ,गिटी,बालुवा,ग्राभेल प्रति क्युव फिट रु ६ का दरले शुल्क लगाइ असुल गरिने व्यवस्था छ। स्थानीय तहले आफ्नो क्षेत्र भित्रको नदिजन्य पदार्थ उत्खनन् र संकलनमा प्रदेश आर्थिक ऐन अनुसार प्रति क्युफिट रोयल्टी असुल उपर गर्नुपर्ने व्यवस्था छ। पालिका भित्रका विभिन्न निर्माण कार्यमा प्रयोग हुने ग्राभेल ,ढुङगा र गिटी रितपूर्वकको कर विजक जारी गरी खरिद गर्नुपर्नेमा ठाडो भर्पाइमा खरिद गरेको आधारमा उपभोक्ता समितिलाई भुक्तानी गरेको देखियो। ठाडो भर्पाइमा खरिद बिक्री गर्दा नदिजन्य पदार्थको चोरी निकासी हुने र पालिकालाई प्राप्त हुने रोयल्टी रकम प्राप्त नहुने हुँदा यस्तो खरिद कार्यलाई नियन्त्रण गरी मूल्यांकन भएको निर्माण सामाग्रीको मू.अ.कर समेतको रोयल्टी रकम उपभोक्ता समितिबाट असूल नहुँदा स्थानीय सरकारको रु १९,४६,८९३।– राजश्व घटी असूल हुन गएको छ।

५८ **कार्य नभएको आइटमको भुक्तानी-**

५८.१ नगरपालिकाले तम्घास -गर्जुवा-गौशाला-इन्द्रेगौँडा सडक स्तरोन्नति कार्य रु २६,६१,५७७।-(भ्याट समेत) मा सम्पन्न गर्ने गरी मिति २०८०-१२-२८ मा सुस्मा करिस्मा निर्माण सेवा संग सम्झौता भएको छ। मिति २०८१-६-३० सम्म म्याद थप पछिको अवधि रहेको सो ठेक्कामा ६४ प्रतिशत मात्र कार्य प्रगति भएको छ। सो सम्बन्धमा निम्न व्यहोरा देखिएको छः-

५८.२ आर्थिक वर्षको अन्तसम्म कार्यसम्पन्न गर्नुपर्ने सालबसाली ठेक्कामा दोश्रो रनिङ विल सम्म माटो कटिङको मात्र कार्य भएको छ। Soiling, PCC तथा Storne mationary को कार्य बाँकी रहको तथा Hume Pipe को काम बाँकी रहेको अवस्थामा सो काम नहुँदै Hume Pipe खरिद गरेको आधारमा रु १,५४,०००।– भुक्तानी गरेको छ। म्याद थप पछिको अवधिमा कार्य सम्पन्न गर्ने गरी पालिकाले अनुगमन कार्य प्रभावकारी रुपमा संचालन गर्नुपर्दछ।

५८.३

**वचत रकम बाट कार्य**- ५५।०८१-३-२४ तम्घास-गर्जुवा-गौशाला-इन्द्रगौँडा सडक खण्डमा ठेक्का नं २७।०८०-८१ बाट निर्माण कार्य भै रहेको ,सो निर्माण कार्यको म्याद मिति २०८१-६-३० सम्म रहेको अवस्थामा वचत रकमको आधारमा पालिकाले पहिलो ठेक्काको कार्य सम्पन्न नहुँदै चेनेज नखुलाई १८ दिनको म्याद राखी रु १०,६७,८०२।– मा कार्य सम्पन्न गर्ने गरी मिति २०८१-३-२ मा नाइजल कन्स्ट्रक्सन एण्ड सप्लायर्स संग सम्झौता गरेको छ। सोही सडकमा माटो काट्ने कार्य मात्र गरी एउटै चेनेजमा कार्य गरेकोले ठेक्का नं ४६।०८०-८१ को कार्यबाट भएको भुक्तानी फरक काम र फरक ठाउँ रहेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,४७,७३७ |

५९ **टुक्रे योजना-**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक ,वार्षिक,रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने छ। आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने ,उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजना छनौट गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यस आ.व.को लागि विनियोजन गरेका १७० भन्दा बढी योजना रु १ लाख भन्दा कमका रहेका छन् । शुरु बजेटमा प्रस्ताव गरेका कार्यक्रमबाट हिउदे सभाले देहायबमोजिम स-साना कार्यक्रममा विनियोजन गरी खर्च गरेको अवस्था छ। वितरणमुखी कार्यक्रमलाई जोड नगरी दीर्घकालीन प्रभाव पर्ने योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ।

| **क्र.स.** | **२०८० आषाढको प्रस्तावित कार्यक्रम** | **विनियोजित बजेट** | **२०८० पौषको हिउदे सभाले छनौट गरेका कार्यक्रम** | **विनियोजित बजेट** |
|---|---|---|---|---|
| १ | १ नं वडा कार्यालय भवन निर्माण | ३०,००,०००।- | · सिमिचौर रोका पोखरा..... सडक स्तरोन्नत | ९,९१,०००।- |
| | | | · सिमिचौर बसारी जोड्ने सडक | १६८०००।- |
| | | | · टोल विकास संस्था | २८५०००।- |
| | | | · आर्थिक सहायता | ५७०००।- |
| | | | · चारिखोला रे.न.पा.कार्यालय सडक | ३६९००० |
| | | | · मेयर कप | ३५००००।- |
| | | | · मन्दिर प्रतिक्षालय | १२५०००।- |
| २ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संम्भार | ६०,००,०००।- | · विभिन्न स-साना २७ वटा कार्यक्रममा रकम विनियोजन | |
| | | | · पूजीगत कार्यक्रमबाट चालु खर्च शिर्षकमा समेत रकम विनियोजन | |

६० **डि.पि.आर नगरेका योजना-**

प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि ,२०७८ को वुँदा नं ७(३)मा स्थानीय तहले प्रदेश सरकारको रकमबाट संचालन हुने योजनाहरुको ड्रइङ,डिजाइन,स्पेशिफिकेशन सहितको विस्तृत आयोजना प्रतिवेदन (DPR) भएका आयोजना मात्र माग गर्न सक्ने व्यवस्था छ। नगरपालिकाले प्रदेश कार्यक्रममा परेका देहाय बमोजिमका योजनाको डि.पि.आर नगरी कार्यान्वियनमा ल्याएको छ।

| **योजना** | **श्रोत** | **रकम** |
|---|---|---|
| वडा नं ११ वडा कार्यालय भवन | प्रदेश समपूरक | ६०,००,०००।- |
| वडा नं १२ वडा कार्यालय भवन | प्रदेश समपूरक | ६०,००,०००।- |
| पधैँरा खोलादेखि कालिका मन्दिर.... | प्रदेश समपूरक | ६०,००,०००।- |

६१ **वचत रकम-**

प्रदेश सरकार समपूरक बाट संचालित पधेंरा खोला देखि कालिका मन्दिर बुढी पोखरी रानीपोखरा ठिकी डाँडा नुनथला सडक स्तरोन्नतिको लागि प्रदेश तथा नगरपालिकाको गरी रु ६० लाख बजेट मध्ये रु ५९,१३,४९४।– को लागत अनुमान बनाई रु ३७,०४,७९८।– मा ठेक्का व्यवस्थापन भएको छ। सो सडकमा प्रदेश समपूरकबाट रु १८,६८,९४९।– मात्र खर्च भएको छ। प्रदेश समपूरक तर्फको रकम सो को कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम समपूरक (म्याचिङ) को रुपमा गर्नुपर्नेमा नगरपालिकाले प्रदेशको वचत रकमबाट देहायको कार्य सोझै गराई रु ७,९८,३३३।– खर्च गरेको नियमित नदेखिएको रु

| **भौ.न।मिति** | **योजना** | **माध्यम** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ३५५।०८१-३-२३ | पधेंरा खोला देखि कालिका मन्दिर.... सडक | उपभोक्ता समिति | ३,००,०००।- |
| ३५६।०८१-३-२३ | वडा नं ३ को गाउँमा धारा ट्रस्ट निर्माण | टोल विकास संस्था | ४,००,०००।- |
| ३५७।०८१-३-३ | वडा नं ११ को धरम्पानी राङबास फेदी मर्मत | वर पिपल कन्स्ट्रक्सन | ९८,३३३।- |
| **जम्मा** | | | **७,९८,३३३।-** |

| | |
|---|---|
| अनियमित भएको | ७,९८,३३३ |

६२ **कर समायोजन पत्र पेश गर्नुपर्ने-**

मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १८ मा कुनै पनि करदाताले महिना समाप्त भएको २५ दिन भित्रमा मूल्य अभिवृद्धि करको विवरण सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाबाट यस वर्ष देहाय बमोजिम काम गर्ने निर्माण व्यवसायी नन फाइलर देखिएको अवस्था छ। नगरपालिकाबाट मूल्य अभिवृद्धिकर रु ६९,७२,१४३।– भुक्तानी भएको अवस्थामा सो कर रकमको ७० प्रतिशतले हुने रु ४८,८०,५०१।- सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाएको कर समायोजन पत्र पेश गर्नुपर्ने रु

| **फर्मको नाम** | **योजना** | **मूल्य अभिवृद्धिकर रकम** | **७० प्रतिशतले हुने रकम** |
|---|---|---|---|
| फोर्टिन स्टार डेभलपर्स एण्ड सप्लायर्स | पधेरा खोलादेखि कालिका मन्दिर बुढी पोखरी.... सडक | ४१,५,६६१।- | २,९०,९६४।- |
| धुलिखेल-अर्जुन-न्यूलिजा जे.भी. | रेसुङ्गा गर्जुरा पर्यटन पार्क निर्माण | ६५,५६,४८२।- | ४५,८९,५३७।- |
| जम्मा | | | ४८,८०,५०१। |

धुलिखेल-अर्जुन-न्यूलिजा जे.भी. आ.व. ०७७।०७८ देखि नै ननफाइलर रहेको देखिन्छ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४८,८०,५०१ |

६३ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु. १५,००,०००.०० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. ७०,०००.०० फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रू

| पेश्कीलिएको मिति | गो.भौ. न. | पेश्कीलिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्यादनाघेको | म्यादननाघेको |
|---|---|---|---|---|
| ०९/०२/२०८० | १६७ | पार्वता पन्थीकर्मचारी | ७०,०००.०० | ० |
| १०/१४/२०८० | ५ | सुरक्षितनागरिक आवास अन्तर्गतका लाभग्राहीहरु | ० | ११,७५,०००.०० |
| १०/१४/२०८० | ६ | सुरक्षितनागरिक आवास अन्तर्गतका लाभग्राहीहरु | ० | १,५०,०००.०० |
| १०/१४/२०८० | ७ | सुरक्षितनागरिक आवास अन्तर्गतका लाभग्राहीहरु | ० | १,०५,०००.०० |
| जम्मा | | | ७०,०००.०० | १४,३०,०००.०० |

| | |
|---|---|
| पेश्की | ७०,००० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : रेसुङ्गा नगरपालिका, गुल्मी , रेसुंगा नगरपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बाबुराम पल्ली | २०८१-२-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | विन्दु पन्थी | २०७९-५-३१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,०४२,४६३.६६ | १३,७४७,५७१ | १२,४४८,६०० | ० | ० | ७०,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २७,३०८,६३४.६६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ४९२,२३४.६६ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २६,८१६,४०० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २४२४७८१३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३८८११४९९० | **चालु खर्च** | ३९५२८४०२२ |
| **प्रदेश सरकारबाट अनुदान** | ३८५३८५०० | **पूँजीगत खर्च** | १३४७०८१६७ |
| **राजश्व बाँडफाँट** | १०३६२९६३९ | **वित्तीय/अन्य व्यवस्था** | २०९३९०८८० |
| **आन्तरिक आय** | २३२७५४८७ | | |
| **अन्य आय** | १८१७३५५५६ | | |
| **कुल आय** | ७३५२९४१७२ | **कुल खर्च** | ७३९३८३०६९ |
| **बाँकी मौज्दात** | | २०१५८९१६ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।